| उमेर पुरा भएको | बाबु (किलोमा) | नानी (किलोमा) |
|---|---|---|
| २ महिना | ४.४ देखि ७ | ४ देखि ६.६ |
| ४ महिना | ५.६ देखि ८.८ | ५ देखि ८.२ |
| ६ महिना | ६.४ देखि ९.८ | ५.८ देखि ९.४ |
| ८ महिना | ७ देखि १०.६ | ६.२ देखि १०.२ |
| १० महिना | ७.४ देखि ११.४ | ६.६ देखि १०.८ |
| १ वर्ष | ८ देखि १२ | ७ देखि ११.५ |
| २ वर्ष | ९.५ देखि १५ | ९ देखि १५ |
| ३ वर्ष | ११.५ देखि १८.५ | ११ देखि १८ |
| ४ वर्ष | १३ देखि २१ | १२ देखि २१.५ |
| ५ वर्ष | १४ देखि २४ | १४ देखि २३ |
| ६ वर्ष | १६ देखि २७ | १५.५ देखि २८ |
| ७ वर्ष | १८ देखि ३१ | १७ देखि ३१.५ |
| ८ वर्ष | १९.५ देखि ३५ | १८. ५ देखि ३६ |
| ९ वर्ष | २१.५ देखि ३९ | २१ देखि ४१ |
| १० वर्ष | २३ देखि ४५ | २३ देखि ४७ |




**कोरोना संक्रमणबाट बच्न विशेष गरी हातखुट्टाको सरसफाईमा ध्यान पुऱ्याउनु पर्दछ ।**

कर्णाली प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# प्रदेश अस्पताल

वीरेन्द्रनगर-४, कालागाउँ, सुर्खेत
फोन नं.: ०८३-५२०२००/५२२२००/५२३२००
इमेलः provincehospitalsurkhet@gmail.com




# NICU

# (नवजात शिशु उपचार कक्ष)

**अस्पताल हाताभित्र धुम्रपान, मद्यपान र सूर्तिजन्य पदार्थ निषेध गरिएको छ ।**

# NICU (नवजात शिशु उपचार कक्ष)

प्रदेश अस्पताल सुर्खेतले नवजात शिशुको बिरामीपन र स्वास्थ्यलाई मध्यनजर गर्दै अस्पतालभित्रै दुई ठाउँमा NICU विभाग संचालन गर्दै आइरहेको छ। यसबाट कर्णाली भेगका नवजात शिशुहरू लाभांवित भएका छन् । हिजो आजका दिनमा पहिला जस्तो नवजात शिशु बिरामी भएमा बाहिर रिफर गर्नुपर्ने बाध्यता हटेको छ।

- पहिलो NICU प्रसुती वार्ड सँगै छ।
- दोस्रो NICU विभाग ICU सँगै छ।

## नवजात शिशुको आमा बुबाले जान्नै पर्ने ज्ञानहरू :

### १. नवजात शिशुहरूमा खतराका चिन्हहरू :

- बच्चाले दुध नचुसेमा
- अत्याधिक सुस्त भएमा
- बच्चा चिसो भएमा वा ज्वरो आएमा
- ओठ, जिब्रो निलो भएमा
- बच्चा कम चलेमा
- छाती घ्यार घ्यार भएमा
- छिटो छिटो श्वास फेरेमा, कोखा हानेमा वा अत्याधिक कम श्वास फेरेमा वा एकदम कनेर श्वास फेरेमा
- बच्चामा कम्पन आएमा








## एन.आई.सी.यु. परिचय

भर्खरै जन्मेका र २८ दिनभित्रका नवजात शिशु स-साना बच्चाहरु जसलाई उपचार र सेवाको आवश्यकता हुन्छ। त्यस्ता बिरामी बच्चाको लागि एन.आई.सी.यु. फाँट पनि स्थापना भएको हो । विगतका दिनहरुमा स-साना बच्चालाई अन्यत्र रिफर गर्नुपर्ने बाध्यता भए तापनि NICU स्थापना भए पश्चात् यसै अस्पतालमा उपचार हुँदै आएपछि आमा र साना बच्चा पनि लाभान्वित भएका छन् । यसबाट साना बच्चाको मृत्युदर कम गराई राष्ट्रिय र विश्वव्यापी बाल मृत्युदर घटाउन समेत मद्दत पुगेको छ। २८ दिनसम्मको बच्चाको निःशुल्क उपचार सेवा दिइन्छ।

## के तपाईलाई थाहा छ ?

- २८ दिन भित्रका शिशुहरूको उपचार नेपाल सरकारद्वारा यस प्रदेश अस्पतालमा निःशुल्क रूपमा उपलब्ध छ।
- तपाईको शिशुले जन्मेको २४ घण्टा भित्र दिशा गरी सक्नु पर्छ। जन्मेको ४८ घण्टा भित्र पिसाब गरी सक्नुपर्छ

